# माडी नगरपालिकाको तेह्रौं नगर सभामा नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०८१।०८१ को नीति तथा कार्यक्रम

**नगर सभाका सदस्य महानुभावहरु,**

गौरवमय तेह्रौं नगर सभाको अवसरमा सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु। समुन्नत माडी र सुखी नगरवासी बनाउन नगरपालिकाले लिएको संकल्पलाई अंगिकार गर्दै स्थानीय सरकारको दोस्रो नेतृत्व बहन गरी दुई वर्ष भन्दा बढीको प्रगती पथमा हामी अगाडी बढीसकेको छौं । यस क्रममा प्राप्त साझा उपलब्धीहरुलाई सिकाइको रुपमा ग्रहण गर्दै थप अग्रगामी बाटोमा नगरपालिकालाई डोऱ्याउन यस नीति तथा कार्यक्रमको मुख्य ध्येय रहनेछ । विगतका वर्षहरुमा जस्तै आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकास लाई नीति तथा कार्यक्रमले आफ्नो मुख्य प्राथमिकतामा राखेको छ ।

**वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिइएको आधारहरु :**

- ✓ नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- ✓ संघीय सरकार र प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- ✓ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- ✓ स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित),
- ✓ संघीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- ✓ सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- ✓ राजस्व परामर्श समितिको प्रतिवेदन,
- ✓ श्रोत तथा बजेट सिमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- ✓ बजेट तथा योजना तर्जुमा समिति तथा विषयगत समितिहरुले दिएका सिफारिसहरु,
- ✓ विगत वर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- ✓ नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- ✓ विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु
- ✓ दीगो विकासका लक्ष्य

**नगर सभाका सदस्य महानुभावहरु,**

अब म आगामी आर्थिक बर्ष २०८१/०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु पेश गर्न चाहन्छु ।

***"सम्पदा सम्पन्न माडी नगर, इको कृषि र पर्यटनको सहर"*** भन्ने दीर्घकालिन सोचका साथ अघि बढी रहेको यस नगरको लक्ष्य कृषि र पर्यटन विकास गर्दै नगरवासीको जीवनस्तर वृद्धि गर्ने र नागरीकलाई प्रभावकारी सेवा प्रवाह, आर्थिक सम्पन्नता र स्थानीय सुशासनको सुदृढीकरण गर्ने उद्देश्यका साथ समृद्ध र समुन्नत माडी नगरको रुपमा विकास गर्ने रहेको छ ।

अब म क्षेत्रगत रुपमा नगरपालिकाले अबलम्बन गर्ने नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु ।

**माटोमा उर्वरता, कृषिमा आत्मनिर्भरता**

१. "***पूर्ण सिंचीत माडी***"को दिर्घकालिन लक्ष्यलाई निरन्तरता दिँदै भुमिगत तथा सतही सिँचाई एवम् पाइप लाईनिङ निर्माण तथा बिस्तारलाई प्राथमिकता दिइनेछ ।

२. विदेशवाट फर्किएका र बेरोजगार युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न ***युवा लक्षित स्वरोजगार कृषि कार्यक्रम***हरु संचालन गरिनेछ ।

३. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण तथा प्रविधिकरण गर्दै कृषकहरुको क्षमता अभिबृद्धि गर्न ***कृषि सिकाई केन्द्र*** को स्थापना गरिनेछ ।

४. घुम्ती माटो परिक्षण अभियान व्यापक रुपमा सञ्चालन तथा माटो परिक्षण प्रयोगशालाको थप स्तरिकरण र विकास गरिनेछ ।

५. माडीलाई बीउबीजन उत्पादनको हवको रुपमा विकास गरिनेछ । बीउ उत्पादन, बिक्रिवितरण र उपयोगमा अनुदानको व्यबस्था गरिनेछ । बीउबीजन तथा कृषि भण्डारण गृह निर्माण कार्य अगाडी बढाइनेछ ।

६. अर्गानिक खेती पद्धतिलाई जोड दिँदै व्यवसायीक फलफूल, तरकारी, खाद्यान्न बाली, च्याउ तथा मौरी पकेट कार्यक्रम संचालन गरीने छ। कृषि उद्यमीहरुसँगको साझेदारीमा मौरी स्रोत केन्द्रको स्थापना गरिनेछ ।

७. कृषि तथा बाली बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । बीमाको भूक्तानी सहज बनाइनेछ ।

८. कृषि तथा तरकारी साथै फलफूल उत्पादनको बजारीकरणलाई प्रोत्साहन गर्न हाट बजारको व्यवस्थापन तथा सञ्चालन गरी तरकारी संकलन तथा बिक्री केन्द्र थप व्यवस्थित बनाइने नीति अबलम्बन गरिनेछ ।

९. किसान सूचिकरण तथा वर्गिकरण सहित कृषि तथ्याकंलाई व्यवस्थित गरी नगर कृषि प्रोफाइलको निर्माण गरिनेछ ।

१०. साना किसानको लागि करेसाबारी खेतीमा जोड दिइनेछ । विपन्न किसानको क्षमता विकास गरी "***एक वडा एक उत्पादन कार्यक्रम***" सुरुवात गर्ने नीति अबलम्बन गरिनेछ ।

११. कृषि सम्बन्धी कार्य गर्ने टेक्टर, बोरिगं तथा अन्य यन्त्र उपकरणहरुको वैज्ञानिक भाडादर तय गरी एकरुपता कायम गरिनेछ ।

१२. बजारीकरणलाई प्रबर्धन गर्न नीजि क्षेत्रसँगको साझेदारीमा खाद्य गोदाम घर तथा कृषि उपज भण्डारण केन्द्र निर्माण गर्ने नीति अबलम्बन गरिनेछ ।

१३. स्थानीय तह प्रदेश तथा संघीय कार्यालयबाट अनुदान दिने लाभग्राहीहरुमा दोहोरोपन नहोस् भन्नाका लागि माडी नगरपालिकाबाट अनुदान लिने लाभग्राहीको नाम ठेगाना सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. कृषि तथा पर्यटनलाई संयुक्त रुपमा प्रबर्धन गर्न एक सामुदायिक होमस्टे एक तरकारी टनेल कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. कृषकहरुको माग, क्षमता, आर्थिक हैसियतलाई मध्यनजर गर्दै ***"मागमा आधारित कृषि कार्यक्रम"*** सञ्चालन गरिनेछ ।

१६. उत्कृष्ट किसान, कृषि समूह र सहकारीलाई पुरस्कृत सहित सम्मान तथा अनुदानको दुरुपयोग गर्नेलाई निरुत्साहित गरीने नीति लिइनेछ ।

१७. जंगली जनावरबाट जोगिने बाली उत्पादन तर्फ विशेष जोड दिइनेछ ।

१८. घुम्ती माटो परिक्षण अभियानलाई व्यापक रुपमा सञ्चालन गरिनेछ ।

१९. तरकारी उत्पादक कृषकबाट हरियो तरकारी खरिद गरी अचार उद्योग सञ्चालन गर्ने तथा अचार बिक्री वितरणका लागि होमस्टेहरुसँग सहकार्य गरिनेछ ।

२०. कम्पोष्ट मल तयार गर्ने गरी जैविक फोहोरलाई उचित व्यवस्थापनका लागि अर्गानिक खेती प्रणालीमा विशेष जोड दिइनेछ ।

२१. ***"कृषकसँग कृषि प्राविधक कार्यक्रम"*** सञ्चालन गरी कृषि प्राविधिकहरुबाट कृषक तथा कृषि समूहको नियमित अनुगमन तथा भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. सार्वजनिक जग्गाहरुको पहिचान गरी त्यस्ता खाली रहेका जमिनहरुमा फलफूल खेती तरकारी तथा बृक्षारोपण गरी हरियाली प्रबर्धन गर्ने नीति लिइनेछ ।

## पशुपक्षीं तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर माडी

२३. माडी भटेरीनरी अस्पतालमा विशेषज्ञहरु थप गर्नुका साथै अस्पतालको सुदृढीकरण तथा भौतिक पूर्वाधारको समेत विकास गरी सुविधा सम्पन्न नगर भेटेरीनरी अस्पतालको रुपमा सञ्चालन गरिनेछ ।

२४. ***जटिल रोग तथा जुनोटिक रोग नियन्त्रण*** गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. कृषकको घर दैलोमा नै सेवा पुर्याउने हेतुले सेवा केन्द्रहरु विस्तार गरिनेछ ।

२६. ***“उत्पादनमा आधारित अनुदान”*** मार्फत सबै पशुपालक कृषकहरुलाई समानुपातिक रुपमा प्रोत्साहन गरिनेछ ।

२७. उत्पादन लागत कम गर्न तथा उत्पादकत्व बढाउनका लागि ***“घाँसमा आधारित पशुपालन”*** लाई जोड दिइनेछ ।

२८. नश्ल सुधार, यान्त्रिकीकरण, प्रसार सेवा, प्रविधि र प्राविधिकको सेवा, उचित बजारीकरणको ब्यबस्था मिलाइ न्यून लागतमा पशुजन्य उत्पादन गर्ने नीति लिइनेछ ।

२९. माडीलाई स्वच्छ र स्वस्थकर दुध, मासु र अण्डा उत्पादनमा आत्म निर्भर बनाइ निर्यात गर्ने नीति लिइनेछ ।

३०. दुधमा दिँदै आएको अनुदानलाई निरन्तरता दिईनेछ ।

३१. माडी नगरपालिका वडा नं. ७ मा मध्यवर्तीमार्फत् सञ्चालनमा रहेको पशु स्वास्थ्य सेवा केन्द्रलाई नगरपालिका मातहतमा रहने गरी स्तरोन्नती सहित कृषि तथा पशु सेवा केन्द्र विस्तार गरिनेछ ।

३२. कृत्रिम गर्भाधानमा सुत्केरी भत्ता तथा पशुपन्छी बीमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. कुकुर बन्ध्याकरण र रेबिजरोग नियन्त्रणका लागि खोपसेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३४. माछाको भूरा उत्पादनमा जोड दिनुको साथै माडीलाई माछा जोन बनाउन पहल गरिनेछ ।

३५. निर्वाहमुखी पशुपन्छीपालन कार्यक्रमलाई व्यवस्थित तथा व्यवसायिक गर्दै लगिनेछ ।

३६. व्यवस्थित पशु बधशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

३७. ***“मागमा आधारित पशुपन्छी विकास कार्यक्रम”*** सञ्चालन गरिनेछ ।

## पर्यटकीय गन्तव्य माडी

३८. नगर भित्रका सबै धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्द्धन, प्रबर्धन तथा विकासका लागि ***“नगर स्तरीय सँस्कृती प्रवर्द्धन समिति”*** को गठन गरिनेछ ।

३९. विभिन्न जातजातिहरुको संस्कृति संरक्षणमा जोड दिनुका साथै त्यस्ता संस्कृतिहरुलाई पर्यटनसँग आवद्ध गर्दै लगिनेछ । माडी क्षेत्रमा पर्यटन लक्षित होटल, रिसोर्ट, होमस्टे, फार्मस्टे जस्ता व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

४०. मेला महोत्सवमा स्थानीय उत्पादन कला संस्कृतिको जगेर्ना गर्ने गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४१. ***"एक वडा एक पर्यटकीय गन्तव्य पहिचान तथा विकास कार्यक्रम"*** सञ्चालन गरिनेछ । एक वडा एक विशेषता सहितको होमस्टे संचालन तथा प्रबर्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४२. चितवनको प्रमुख पर्यटकीय स्थल सौराहसँग माडी नगरपालिकालाई जोड्ने गरी ***"सिमारा-सौराह परियोजना (सिसौ परियोजना)"*** सञ्चालनमा ल्याइनेछ । यसका लागि चितवन राष्ट्रिय निकुञ्जको कार्यालय, पर्यटन व्यवसायीहरु, भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका लगायत सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँग नगरपालिकाबाट समन्वय गरिनेछ । साथै सिमरा गाउँलाई थारु संस्कृति झल्कने गरी थारु ग्राम विशेष पर्यटकीय क्षेत्र घोषणा गरिनेछ ।

४३. बनकट्टा, बसन्तपुर बगही लगायतका मुख्य स्थान र बजारहरुमा ***"पर्यटनमा आधारित सूचना पाटी"*** राखिनेछ ।

४४. माडीको पर्यटन प्रबर्धनमा सहयोग गर्न तथा सहकार्य गर्नका लागि राष्ट्रिय रुपमा पर्यटन प्रबर्धनमा सहजीकरण गर्ने ***भ्लगर (भिडियो निर्माता) हरुको भेला*** माडीमा राखिनेछ ।

४५. माडीको पर्यटन प्रबर्धनका लागि ***राष्ट्रिय स्तरको वृत्तचित्र प्रतियोगिता*** आयोजना गरिनेछ ।

४६. स-साना सूचना बोर्डहरुमा काठको प्रयोग गर्दै कलाकृति झल्कने गरी पर्यटन प्रबर्धन गर्न हस्तकला तथा काष्ठकलाको प्रयोगलाई बढावा दिइनेछ ।

४७. खपेटा, गुन्द्री, जाँतो, ढिकी, ढकिया, लिस्नो लगायतका हस्तकला एवम् स्थानीय महत्वका रैथाने सांस्कृतिक महत्वका वस्तु तथा सामाग्रीको संरक्षण र प्रबर्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. पर्यटन प्रवर्धन सम्बन्धी लक्षित समुदाय, पर्यटन व्यवसायी, होटल व्यवसायी र होमस्टे सञ्चालकहरुलाई सिप विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।

४९. भगिनी सम्बन्ध कायम गरीएको भरतपुर महानगरपालिकासँग पर्यटन क्षेत्रको विकासका लागि सहकार्य गरिनेछ । साथै देश भित्र वा बाहिरका अन्य नगरपालिकाहरुसँग पनि आवश्यकताका आधारमा भगिनी सम्बन्ध कायम गरिनेछ ।

५०. माडी भित्रने पर्यटकहरुलाई सहजताका लागि चौबिसकोटी देखि वनकट्टासम्म विभिन्न स्थानमा सूचना पाटी राखी गन्तव्य पहिचानको लागि सहजीकरण गरिनेछ ।

५१. विभिन्न पर्यटकीय स्थलको डि.पि.आर. तथा पार्श्वचित्र बनाइनेछ ।

५२. पर्यटकीय गन्तव्यहरुमा लिइने पर्यटकीय शुल्कबाट नगरपालिकामा निश्चित प्रतिशत शुल्क दाखिला गर्नुपर्ने नीति लिइनेछ ।

५३. कला साहित्य गीत संगित संस्कृति हाम्रा अमुल्य सम्पतिहरु हुन् । त्यस्ता अमुल्य गहनाहरुको अभिभावकत्व ग्रहण गर्दै संरक्षण, संवर्धन र प्रर्वधन सहित जर्गेना गर्ने हेतुले **माडी नगर प्रज्ञा प्रतिष्ठान** को गठन गरी सञ्चालन गरिनेछ ।

## माडी विकासको आधार : युवा रोजगार तथा स्वरोजगार

५४. नगरभित्र उद्यमशिलता तथा सीप विकास तालिमको माध्यमबाट उद्यमशिलताको विकास गरी उद्योग खोल्नमा प्रोत्साहन गर्न लघु उद्यम विकास कार्यक्रमको संचालनलाई निरन्तरता दिइनेछ। उद्यमशीलता विकासका निम्ति उद्योगीहरुको ***मागमा आधारित क्षमता विकास***का कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनेछ।

५५. सीप तालिम लिएका व्यक्तिहरुको सीप परिक्षण गर्नको लागि पहल गरिनेछ।

५६. सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न जोड दिँदै समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई मापदण्ड बनाई एकिकरण गरिनेछ।

५७. नगरपालिकाको ***वित्तीय साक्षरता रणनीति, २०८०*** ले मार्गनिर्देश गरे बमोजिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५८. ***श्रम तथा न्यूनतम रोजगार सम्बन्धी कार्यक्रम*** लाई निरन्तरता दिइनुका साथै रोजगार सेवा केन्द्रलाई व्यवस्थित गरिनेछ।

५९. सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत नगरपालिकाले दिँदै आएको सेवालाई निरन्तरता दिइनेछ।

६०. स्वःरोजगारका लागि मागमा आधारित सिपमुलक कार्यक्रम तथा तालिमहरु सञ्चालन गरिनेछ।

६१. स्वःरोजगार हुनसक्ने सम्भावना खोजी गरी यूवाहरुलाई स्वावलम्बी भई व्यवसायिक र उत्पादनमुखी साथै आत्मनिर्भर बनाउने खालका सिपमुलक तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ।

६२. लघु उद्यम विकास कार्यक्रम लागु गरिनेछ।

६३. निश्चित योजना र कार्यक्रम सहित नगरपालिकाले आवश्यक रोजगार कार्यक्रम संचालन गरिनेछ।

## सबै जनताको स्वास्थ्यमा पहुँच

६४. मानसिक स्वास्थ्यको बढ्दो समस्यालाई उचित व्यवस्थापन गर्न मानसिक स्वास्थ्य नीति तयार गरी एकीकृत मानसिक स्वास्थ्य एवं मनोसामाजिक परामर्श सेवा सहित ***सामुदायिक मानसिक स्वास्थ्य सेवा कार्यक्रम***लाई बृहत्तर रुपमा संचालन गरिनेछ ।

६५. ***"स्वस्थ माडी अभियान"*** अन्तर्गत नगर भरिका सबै नागरीक लाभान्वित हुने गरी नसर्ने रोगहरुको स्क्रिनिङ तथा विशेषज्ञ हेल्थ क्लिनिक एवम् स्त्रीरोग तथा पाठेघरको क्यान्सर स्क्रीनिंग क्याम्प संचालन गरिनेछ।

६६. व्यायाम, योग, ध्यान तथा उचित खानपानको प्रवर्द्धन गर्दै एक वडा एक खुल्ला व्यायाम तथा ध्यानशाला तयार गर्ने नीति लिइनेछ।

६७. ***"स्वस्थ आहार: स्वस्थ व्यवहार"*** कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. हालसम्म माडीका नगरवासीलाई निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।

६९. नगरबासी महिलाहरुलाई बघौडा अस्पतालमा निःशुल्क ओपिडी तथा आकस्मिक टिकट वापतको अनुदानलाई निरन्तरता दिईने छ ।

७०. नगरपालिकाद्वारा गरिदै आएको नगर भित्रका अति विपन्न, सीमान्तकृत, जनजाति, अपांग, तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका आदिको स्वास्थ्य वीमालाई निरन्तरता दिईने छ ।

७१. माडीमा स्थायी बसोबास गर्ने गर्भवती महिलालाई बघौडा अस्पतालबाट यस अघि दिइदै आएको निःशुल्क भिडियो एक्सरे सेवा एवम् गर्भवती/सुत्केरी सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा र निःशुल्क प्रयोगशाला सेवालाई निरन्तरताका लागि ***"मेयर स्वास्थ्य कार्यक्रम"*** सञ्चालन गरिनेछ ।

७२. वघौडा अस्पताललाई सुविधा सम्पन्न विशेषज्ञ सेवा दिने गरी रिफरल अस्पतालको रुपमा विकास गरिनेछ ।

७३. स्वास्थ्य संस्थाबाट निस्कने फोहोरको उचित व्यवस्थापन गर्न वातावरण मैत्री प्रविधिको अबलम्बन गरिनेछ ।

७४. सुत्केरी आमा र नवजात शिशुको घरैमा गई तालिम प्राप्त नर्सद्वारा दिइंदै आएको उत्तर प्रसुती सेवालाई निरन्तरता दिईने छ । सुत्केरी पोषण भत्तालाई निरन्तरता दिइनेछ ।

७५. निःशुल्क शब बाहन सेवा उपलब्ध हुने व्यवस्था मिलाउने नीति अबलम्बन गरिनेछ ।

७६. बघौडा अस्पतालबाट पोष्टमार्टम सेवा संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७७. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयम् सेविकालाई सम्मानजनक विदाई गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७८. माडी आयुर्वेद औषधालयको स्तरोन्नती गरी नगर स्तरीय वैकल्पिक चिकित्सा केन्द्रको रुपमा विकास गरिनेछ । नवजात बालबालिकाका लागि आयूर्वेदिक पोषणयुक्त सामाग्री वितरणको व्यवस्था मिलाइनेछ ।

७९. माडीको सम्भावना जडिबुटी पनि हो । जडिबुटी खेती गर्न योग्य जमिनहरुमा व्यापक रुपमा जडिबुटी खेती कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. वडा नं. ६ र ९ मा नागरीक आरोग्य केन्द्र विस्तार गरिनेछ ।

८१. ***"मेरो स्वास्थ्य: मेरो जिम्मेवारी"*** भन्ने नारालाई सार्थक पार्न सबै वडाहरुमा नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरिनेछ । नगरले सञ्चालन गर्दै आएका आयुर्वेद सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

८२. स्वास्थ्य संस्थाहरुमा सुशासन अभिवृद्धि गर्न सबै स्वास्थ्यहरुमा ई हाँजिरी अनिवार्य राख्ने व्यवस्था मिलाइनेछ साथै स्वास्थ्य संस्थाहरुबाट सेवा लिने सेवाग्राही तथा बिरामीहरुको

शुरुदेखि सम्पूर्ण सेवा सम्बन्धी अभिलेखलाई प्रविधिमैत्री बनाउँदै ELECTRONIC HEALTH RECORD SYSTEM कार्यान्वयनका लागि सम्भावना अध्ययन गरिनेछ ।

८३. स्वास्थ्य संस्थाको पूर्वाधार विकासमा जोड दिँदै आवश्यकता तथा औचित्यका आधारमा स्वास्थ्य संस्था मर्ज गरिनेछ ।

८४. ***ज्यष्ठ नागरीक लक्षित सेवा क्लिनिक*** सञ्चालन गरिनेछ ।

८५. स्वास्थ्य संस्थामा नागरीकको पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनुका साथै घुम्ती स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिइनेछ ।

८६. विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिँदै थप विद्यालयमा बिस्तारका लागि पहल गरिनेछ ।

८७. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई जोड दिनुका साथै ***“सुनौलो हजार दिन”*** अभियानलाई प्रबर्धन गर्दै लगिनेछ ।

८८. स्वास्थ्य बारे सचेत रही आनीबानी सुधारका लागि जन्मदिनमा स्वास्थ्य जाँच गराउन प्रेरित गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

८९. स्वास्थ्य तर्फको प्राथमिकतामा रहेका खोप, सुरक्षित मातृत्व तथा पोषण जस्ता कार्यक्रमलाई उपलब्धीमुलक रुपमा हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

९०. ***मेरो स्वास्थ्यः मेरो जिम्मेवारी, निरोगी माडी अभियान*** सञ्चालनको लागि नगरपालिकाका विभिन्न स्थानमा खुल्ला व्यायामशाला सञ्चालनमा ल्याइनेछ ।

९१. आयूर्वेद स्वास्थ्य सेवाको पहुँच नपुगेका वडाहरुमा आयूर्वेद स्वास्थ्य सेवाको पहुँच पुर्याउनका लागि गाउँ गाउँमा घुम्ती आयूर्वेद स्वास्थ्य क्लिनिक सञ्चालनमा ल्याइनेछ ।

९२. माडी आयुर्वेद औषधालयलाई नगर स्तरीय आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको रुपमा स्तरोन्नती गरिनेछ ।

९३. संघ/प्रदेशबाट प्राप्त स्वास्थ्यका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

९४. स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धी गर्न मापदण्ड कडाइका साथ लागु गरिनेछ ।

९५. स्वास्थ्य संस्थाहरुमा आवश्यकताको आधारमा प्रयोगशाला सेवा विस्तार गर्ने नीति लिइनेछ ।

९६. नसर्ने रोग नियन्त्रण गर्न सहयोगी संस्थाहरुसँगको सहकार्य र समुदायको सहभागितामा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

९७. दीर्घ रोगीहरुको पहिचान गरी तथ्याकं संकलन कार्यलाई अगाडी बढाइनेछ ।

९८. गुट्खा पुकार जस्ता पदार्थहरुको सेवनबाट क्यान्सर लगायतका प्राणघातक रोगहरु लाग्ने र बालवालिका तथा यूवा पुस्ताहरु यसको लतमा फँसेको देखिँदा यसको प्रयोगलाई निरुत्साहन गर्ने नीति लिइनेछ ।

## गुणस्तरीय शिक्षा : हाम्रो प्रतिवद्धता

९९. हामी सबैको प्रण: सार्वजनिक विद्यालयको सवलीकरण भन्ने सोचलाई व्यवहारमा उतार्न सबै विद्यालयमा भौतिक एवं शैक्षिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र प्रविधि प्रयोगमा सुधार गरिनेछ ।

१००. आर्थिक रुपले विपन्न, सिमान्तीकृत तथा लक्षित वर्गका विद्यार्थीको शिक्षामा पहुँच विस्तार गर्न विशेष प्रोत्साहन प्रदान गरीने छ । माडीमा अध्ययन गर्ने सबै बुहारी, प्राविधिक शिक्षार्थी र चेपाङ, बोटे, दरै, कुमाल तथा माझी लगायतका अति विपन्न जातिका विद्यार्थीलाई माडीमै अध्ययन गर्दा स्नातकसम्म छात्रवृत्तीको व्यवस्था गरिनेछ ।

१०१. प्रारम्भिक बालविकास कक्षामा शैक्षिक तथा खेल सामग्रीको व्यवस्था गरिनेछ। दुइ बर्षे प्रारम्भिक बालशिक्षाको सुनिश्चितताका लागि स्वयम्सेवक सहजकर्ताको समेत व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१०२. शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकलाई तालिम, अभिमुखीकरण, नेटवर्क परिचालन, अनुभव आदान प्रदान लगायतका शिक्षक पेसागत दक्षता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. हाल सञ्चालनमा रहेको ***"सिकाइसँगै उत्पादन"*** कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालयमा शिक्षकको कमीलाई सम्बोधन गर्न माडीका योग्य युवाशक्तिलाई स्वयम्सेवक शिक्षकका रुपमा परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०४. विद्यार्थीसँग मेयर कार्यक्रम सञ्चालन गरिनेछ । व्यवहारिक ज्ञान तथा जीवन सिकाई शिक्षा लागु गरिनेछ ।

१०५. शिक्षण सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोग बढाइनेछ । अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई थप सुदृढ गरिनेछ ।

१०६. आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क गर्ने नीति लिइनेछ ।

१०७. ***"एक वडा: एक खेल मैदान"*** कार्यान्वयन गर्दै लगिनेछ। खेलकुद पुर्वाधार निर्माण तथा राष्ट्रिय, प्रदेश, जिल्ला र नगरस्तरिय खेलकुद प्रतियोगिताको सञ्चालन गर्दै खेलकुद क्षेत्रको विकास गरिनेछ ।

१०८. व्यक्तिको सर्वांगीण विकासका लागि खेलकुद, योग, कसरतलाई जीवन पद्धतिसँग गाँसिनेछ ।

१०९. शारीरिक, सामाजिक र मानसिक तन्दुरुस्ती बढाउनका लागि खेल संस्कृतिको विकास गरिनेछ ।

११०. आधारभूत विद्यालयको पूर्वाधार निर्माण गरी बालमैत्री शिक्षा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

१११. ***“यूवा मैत्री स्थानीय तह घोषणा कार्यक्रम”*** सञ्चालन गरिनेछ ।

११२. खेलकुद क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११३. यूवा स्वयम्सेवक खेल प्रशिक्षक मार्फत् खेल प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

११४. खेल क्षेत्रको गौरवको रुपमा रहेको नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

११५. ***“बालमैत्री स्थानीय शासन अभियान”*** का लागि आवश्यक कार्यक्रमहरु संचालन तथा बाल उद्यान र पार्क निर्माण गरिनेछ ।

११६. विपन्न वर्गका बालबालिकाहरुका लागि शैक्षिक सामग्री वितरण कार्यक्रमलाई निरन्तरता दिदै बालक्लबका पदाधिकारीहरुको क्षमता बृद्धी गर्नका लागि विभिन्न तालिमहरु संचालन गरिनेछ ।

११७. अपाङगता भएका ब्यक्तिहरुलाई उनीहरुको आवश्यकताका आधारमा विविध कार्यक्रम संचालन गरिनेछ ।

११८. ज्यष्ठ नागरिक विश्रामस्थल, चौतारा संरक्षण कार्यक्रम तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम संचालन गरिनेछ ।

११९. आदिवासी जनजाती र दलितहरुको परम्परागत व्यवसाय संरक्षण कार्यक्रम संचालन गरिनेछ । विपन्न आदिवासी जनजाती र दलितहरुको क्षमता विकास र लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१२०. आदिवासी जनजातीहरुमा आयआर्जन कार्यक्रम संचालन गरिनेछ ।

१२१. समानुपातिक सहभागिताको सुनिश्चित गर्दै सामाजिक विभेदको न्यूनिकरणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

१२२. घरेलु हिंशा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामुलक अभियान सञ्चालन गरिनेछ ।

१२३. लैङगिक उत्तरदायी बजेट तथा लैङगिक खण्डीकृत तथ्याङ्क र लैङगिक मुलप्रवाहीकरण सम्बन्धी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१२४. दलित र गैह्रदलितबीचको अन्तरजातीय विवाह गर्ने दम्पतीलाई सम्मान गर्ने नीति लिइनेछ ।

१२५. कर्मचारी तथा अन्य ब्यक्तिहरुको लागि खुशी प्रर्वद्धन तथा मनोसामाजिक परामर्शका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२६. हिंसा पिडित महिलाको लागि सेफ हाउसको व्यवस्थापन, महिला समूहहरुको संजाल, सचेतना तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१२७. नगरपालिका कार्यालयमा स्तनपान कक्ष नमुनाको रुपमा सुरुवात गरिनेछ ।

१२८. आवश्यक कार्यविधि तयार गरी ***"दुःखमा मेयर कार्यक्रम"*** सञ्चालन गरिनेछ ।

१२९. महिला हिंसा, वलात्कार, लागु औषध दुर्व्यसनी, जातीय भेदभाव विरुद्धका सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## दीगो विकासको मूल आधार, सुरक्षित र बलियो पूर्वाधारः

१३०. दीगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी योजना कार्यक्रम तथा बजेट व्यवस्थापन गरिनेछ ।

१३१. नगरको आवधिक विकास योजनाले मार्गनिर्देश गरेको योजनालाई प्राथमिकताका आधारमा वार्षिक योजनामा समावेश गरिनेछ ।

१३२. माडी नगरपालिका भित्रका सबै सडकहरूको वर्गीकरण गरी मुख्य सडकहरूको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३३. माडी नगरपालिकाको डिजिटल नगर यातायात गुरुयोजनालाई तयार गरी कार्यान्वयन गरिनेछ ।

१३४. दीगो विकासका लागि पूर्वाधार पुननिर्माण गुरुयोजना तयार गरी लागु गरिनेछ ।

१३५. निर्माण कार्यलाई सहज, सरल, दिगो र प्रभावकारी बनाउन उपभोक्ताको जनश्रमदान तथा १० प्रतिशत लागत सहभागितालाई निरन्तरता दिइनेछ ।

१३६. माडी नगरपालिका भित्र रहेको सार्वजनिक जग्गाको तथ्यांकलाई सुचिकृत गरी त्यसलाई संरक्षण तथा उचित सार्वजनिक उपयोग गर्नका लागि नगरपालिकाले विशेष पहल गर्नेछ ।

१३७. वार्षिक समयतालिका बनाई योजना सम्झौता र सम्पन्न गर्न जोड दिइनेछ । आर्थिक रुपमा विपन्न दलित चेपांग र लक्षित वर्गको लागि सुरक्षित नागरीक आवास निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१३८. यस आ.व. बाट नयाँ घर तथा भवन निर्माण गर्दा नक्शा पास प्रकृयालाई अनिवार्य लागु गर्नका लागि वडा तथा नगरपालिकाबाट विद्युत सिफारिस लगायतका अन्य सिफारिस दिँदा घरनक्शाको प्रमाणपत्र वा घर सूचिकरण प्रमाणपत्रलाई अनिवार्य गरिनेछ ।

१३९. ***"एक नदि एक परियोजना कार्यक्रम"*** को थालनी गर्न पहल गरिनेछ ।

१४०. उपभोक्ता समितिको कार्य प्रकृयालाई टोल विकास संस्था मार्फत कार्यान्वयन गर्न जोड दिइनेछ ।

१४१. स्थलगत फिल्ड निरीक्षण र अनुगमनलाई मासिक कार्य तालिका बनाई सोही अनुरुप कार्य सम्पादन तथा गुणस्तर सुधार तर्फ विशेष पहल गरिनेछ ।

१४२. सिंचाईका लागि डिप बोरिंग र पाईप लाईनिंग कार्यलाई निरन्तरता दिँदै सतही सिंचाई भएका कुलो मुहानलाई मर्मत संभार तथा निर्माण गरी दिगो सिंचाईको अबधारणालाई लागु गर्ने नीति लिइनेछ ।

१४३. नगरपालिका भित्र रहेका हेभी इक्युपमेन्ट, ढुंगा तथा बालुवा प्रसोधन प्लान्टको सञ्चालन तथा व्यवस्थापनको लागि कार्यविधि परिमार्जन गरी लागु गरिनेछ ।

१४४. माडी नगरपालिका मार्फत संचालन गरीने वार्षिक स्वीकृत योजनाहरुको स्थानीय नदिजन्य सामाग्रीहरुको परिचालन गर्न चितवन राष्ट्रिय निकुन्ज कार्यालयसँग आवश्यक समन्वयमा  कार्य सञ्चालन गरिनेछ ।

१४५. सूचनामैत्री सेवाको विकास गरी छिटो छरितो र भरपर्दो बनाई कार्यान्वयनमा जोड दिनुका साथै योजनालाई पारदर्शी गराउन योजनास्थलमा सूचना बोर्डलाई अनिवार्य राख्न लगाइनेछ ।

१४६. वस्तीस्तरवाट योजना छनौटमा सहभागिता गराउन टोल विकास संस्थालाई परिचालन गरिनेछ साथै टोल विकास संस्थालाई परिचालन गरिनेछ ।

१४७. माडीका सबै वडालाई जोड्ने गरी रिंगरोडको अवधारणालाई अगाडी बढाइनेछ ।

१४८. भौगोलिक अवस्थालाई मध्य नजर गर्दै वृहत तटबन्धन सहितको रिउ करिडोर निर्माणका लागि डी.पी.आर. तयार गरी कार्य संचालन गर्न पहल गरिनेछ ।

१४९. माडी नगरपालिका भित्र भौतिक निर्माण कार्य गर्दा अनिवार्य रुपमा ५ देखि १० वटा फलफूलका बिरुवा रोप्नका लागि प्रोत्साहित गरिनेछ ।

१५०. कालोपत्रे सडकको दुबै किनारामा हरियाली कायम गर्न हरित सडक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५१. भौतिक निर्माण कार्यको गुणस्तर चेकजाँच गर्न प्रयोगशाला निर्माणको लागि पहल गरिनेछ ।

१५२. समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिमको कारवाहीको लागि प्रक्रिया शुरु गरिनेछ भने समयभित्रै गुणस्तरीय कार्यसम्पन्न गर्ने निर्माण व्यवसायीलाई सम्मान गर्ने नीति लिइनेछ ।

१५३. आयोजना कार्यान्वयन प्रकृयालाई सहज, व्यबस्थित, गुणस्तरीय र पारदर्शी बनाउन उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम संचालनमा ल्याईनेछ ।

१५४. निर्माण सम्पन्न भएका पूर्वाधारलाई दिगो व्यवस्थापनका लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ । मर्मत कोष संचालनका लागि कार्यविधि तयार गरी लागु गरिनेछ ।

१५५. अधुरो र अपुरा सडक तथा भवनहरु क्रमशः श्रोत साधनको सम्भाब्यता हेरी पुरा गर्ने नीति अबलम्बन गरिनेछ ।

१५६. अति बिपन्न नागरीकहरुको घर बीमालाई निरन्तरता दिइनेछ ।

१५७. माडी नगरपालिकामा सञ्चालित अटो सवारी साधनको नगरपालिकामा सुचिकृत गराई उचित भाडा दर र रुट कायम गरिनेछ ।

१५८. एक आर्थिक वर्षमा दुई भन्दा बढी योजनाहरुमा एउटै निर्माण व्यवसायी टेण्डर प्रक्रियामा भाग लिन नपाउने नीतिलाई निरन्तरता दिइनेछ ।

१५९. नगरपालिका अन्तरगत रहेको ढुगां गिटी बालुवा प्रशोधन केन्द्र तथा हेभी इक्वीपमेण्ट तथा मेशिनरी साधनहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन हुने गरी आवश्यक कार्यविधि तयार गरी व्यवस्थित रुपमा विकास निर्माणका लागि प्रयोगमा ल्याइनेछ ।

१६०. विकास निर्माणका कार्य गर्दा कानुनी शासन, सुशासन, दिगो विकास, वातावरण सन्तुलन, खुला सरकारको अवधारणालाई आत्मसात गरी कार्य गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

## शुद्ध खानेपानीमा सबैको पहुँच

१६१. माडीका सबै खानेपानी संस्था तथा उपभोक्ता समितिहरुलाई नगर खानेपानी व्यवस्थापन बोर्ड अन्तर्गत सञ्चालन गर्न पहल गरिनेछ ।

१६२. भूमिगत र सतही खानेपानी श्रोतहरुको संरक्षण गर्दै ***"एक घर: एक धारा"*** कार्यक्रमलाई तीनै तहका सरकारको समन्वयमा निरन्तर संचालन गरिनेछ ।

१६३. टोल विकास संस्थाहरुको सहभागितामा सरसफाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी सफा र सुन्दर टोल निर्माणमा जोड दिइनेछ ।

१६४. नगरको फोहोरमैलालाई ब्यबस्थापन गर्नको लागी फोहोरमैला संकलन केन्द्र तथा स्यानीटरी पार्क संचालन गरीने छ । फोहर बर्गिकरण गरी व्यबस्थापनका लागि पुनः चक्रण, पुनः प्रयोग र न्युनिकरण गर्न टोल विकास संस्थाहरुलाई संस्थारुलाई प्रोत्साहन गरिनेछ । कुहिने फोहोर सम्बन्धित व्यक्ति, संस्था वा घरधनीले नै व्यवस्थापन गर्नुपर्ने नीतिलाई कडाइका साथ लागु गरिनेछ । उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ ।

१६५. सरसफाई सम्बन्धी कार्य योजना बनाई कार्यन्वयन गर्ने तथा टोल विकास संस्थालाई जिम्मेवार गराई सोको लागि आवश्यक स्रोत साधनको प्रबन्ध मिलाईनेछ।

१६६. खानेपानीका स्रोतहरुको संरक्षण गरिनेछ । खानेपानी स्रोत पहिचान संरक्षण तथा दीगो उपयोगको लागि खानेपानी उपभोक्ता संस्था दर्ता अनुमति अनिवार्य गरिनेछ ।

१६७. गुणस्तरीय खानेपानी उपलब्धताको लागि हरेक खानेपानी संस्थालाई वार्षिक दुई पटक अनिवार्य पानी परिक्षण गर्नु पर्ने व्यवस्था गरिनेछ ।

## विपद् व्यवस्थापनमा जनसहभागिता हामी सबैको आवश्यकता

१६८. विपद् जोखिम न्यूनीकरणका लागि विपद्को सम्भावित जोखिमलाई मध्यनजर गरी सो को निराकरण गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

१६९. विपद्‌बाट हुने क्षतिलाई कमि गर्न विपद् न्यूनीकरण सम्बन्धि सचेतना र विपद् आउनु पुर्वनै अल्पिकरण र उत्थानशिलता जस्ता कार्यक्रम संचालन गरिनेछ ।

१७०. विपद्‌बाट हुने क्षतिको राहत वितरण विपद् ब्यबस्थापन कोष संचालन कार्यविधि, २०८० अनुरुप हुने गरी संचालन गरिनेछ ।

१७१. विपद् न्यूनीकरणका लागि आबश्यक विपद् पुर्व तयारी र प्रति कार्य जस्ता योजना, विपद नक्शाकंन लगायत विषय बजेटमा समाबेश गरी कार्य योजना बनाई कार्य सम्पादन गरिनेछ ।

१७२. वातावरणमैत्री स्थानीय योजनाहरु तयार गर्नुका साथै सम्भावित प्राकृतिक प्रकोपबाट उत्थानशिल हुनसक्ने क्षमताको सुनिश्चितता गर्दै ***"विपदमा उपमेयर"*** कार्यक्रम सञ्चालन गरिनेछ ।

१७३. प्रकोप ब्यबस्थापनका लागि संघीय, प्रादेशिक र स्थानीय सामुदायिक एवम् निजी क्षेत्रसँग सहयोग, समन्वय तथा सहकार्य गरिनेछ ।

१७४. नर्सरी बिरुवा उत्पादन र वितरण गरी सार्बजनिक खुल्ला जमिन, नदीले छाडेका ठाउँहरु वा नदी कटानहरुमा, नहरका किनारहरु तथा सडक किनारहरुमा बृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

१७५. मानव तथा बन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरण गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

१७६. विपद् सम्बन्धि कार्य संचालन गर्न ***स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र*** स्थापना गरी सोको लागि आवश्यक सामाग्रीको प्रबन्ध मिलाईनेछ ।

१७७. वडा स्तरिय विपद् समितिलाई सक्रिय गराई विपद् सम्बन्धी आवश्यक स्रोत साधनको व्यवस्था मिलाइनेछ ।

१७८. प्रकोप तथा विपद् ब्यवस्थापन कार्य संचालनका लागि तत्कालै आवश्यक पूर्वतयारी तथा खोज उद्धारका लागि आवश्यक सामानहरु खरिद गरिनेछ । दमकल, एम्बुलेन्स लगायतका सेवाहरुलाई थप प्रभावकारी बनाउन टोल फ्रि नम्बर जडान गरिनेछ । सो सबै सेवाहरु स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) सञ्चालन गरिनेछ ।

१७९. माडीका सबै खहरेखोलाहरुमा संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी तटबन्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१८०. जोखिम संवेदनशिल भूउपयोग योजना बनाइ लागु गरिनेछ ।

१८१. ***चौतारा संरक्षण कार्यक्रम*** सञ्चालन गरिनेछ । एक वडा एक पार्क कार्यक्रम सञ्चालन प्रक्रियालाई अगाडी बढाइनेछ ।

१८२. ***"एक शवदाहन स्थल: एक मलामी घर"*** निर्माण गरिनेछ ।

१८३. ल्याण्डफिल्ड साइड सेनीटरी पार्कका लागि जग्गा पहिचान गरी बिस्तृत परियोजना रिपोर्टका आधारमा पूर्वाधार निर्माण गरी फोहरमैलाको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ । दिशाजन्य लेदोको समेत व्यवस्थापन गरिनेछ ।

१८४. अस्थायी सरसफाई केन्द्रको आवश्यक सुधार गर्दै स्रोत साधनयुक्त केन्द्रको रुपमा सञ्चालन गरिनेछ ।

## सुशासन तथा प्रशासन सुधार

१८५. कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरीने नीतिलाई निरन्तरता दिँदै सीप विकास तालीम, अवलोकन भ्रमण तथा व्यवस्थापकीय र नेतृत्व विकास तालिम उपलब्ध गराइनेछ । नगरपालिकामा O&M सर्भे गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८६. विषयगत शाखा, उपशाखा तथा इकाइहरु, जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण तयार गरी कार्यसम्पादनलाई व्यवस्थित बनाइनेछ । सबै कर्मचारीहरुको कार्यसम्पादन सम्झौता गरिनेछ ।

१८७. कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त बनाउनका साथसाथै समय सापेक्ष बनाउन आईसिटी मैत्री बनाउदै प्रशासनिक सेवा छिटो छरितो बनाउन ***ई-गभरनेन्स***लाई प्रवर्द्धन गर्दै लगिनेछ ।

१८८. ***"सबल र सक्षम स्थानीय सरकारः घरघरमा सिंहदरबार"*** भन्ने मुलमन्त्रको सार्थकताका लागि कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास गरी सक्षम बनाउँदै लगिनेछ ।

१८९. आर्थिक अनुशासन कायम गराई खर्च कटौती गर्दै चालु खर्च घटाएर पूँजिगत खर्चमा बृद्धि गर्दै लगिनेछ । खरिद प्रक्रियालाई पारदर्शी तथा कानुनसम्मत बनाउन नगरको खरिद गुरुयोजना तथा वार्षिक खरिद विकास योजना बनाइ लागु गरिनेछ ।

१९०. नागरिक अधिकार र मौलिक हकलाई सम्मान गर्दै नागरिकमा सामाजिक न्यायको अनुभूति गराउन सोही अनुरुप नीति, कानून, योजना, बजेट र कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१९१. आर्थिक अनुशासन कायम राख्ने, अनियमितता भ्रष्टचार र बेरुजु हुन नदिने, आन्तरिक नियन्त्रण प्रणालीलाई बढी प्रभावकारी बनाउने, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई नियमित गरी जनताको सहभागिता बढाई कार्य सम्पादन गर्ने, कार्यसम्पादनमा जिम्मेवारी, जवाफदेहिता र पारदर्शिता अपनाउने, सार्वजनिक नीजि र सहकारी क्षेत्रको सहभागिता बढाई साझेदारी र सहकार्य गर्ने प्रणालीको विकास गर्ने, सहकारी संस्था दर्ता गर्दा विशेष ध्यान दिने, सहकारीमा सुशासन प्रबर्धन गर्ने व्यवस्था गरिनेछ ।

१९२. नगरपालिकाले जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी विधायकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्ने व्यवस्था गरिनेछ ।

## संस्थागत क्षमता सुधार र पारदर्शिता

१९३. ***"न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो"*** भन्ने कानूनी सिद्धान्तलाई अंगिकार गर्दै नगरपालिकाको न्यायिक समितिबाट छिटो छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिँदै कानूनी सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९४. नगरपालिकाको नगर कार्यपालिका कार्यलय र वडा कार्यालयबाट हुने सम्पुर्ण कामकाजको पारदर्शिता र जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई लाई निरन्तरता दिइने छ । नगरपालीकाको आम्दानी तथा खर्च त्रैमासिक रुपमा सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरीने छ ।

१९५. उपभोक्ता समिति, अमानत एवं निर्माण व्यवसायीहरुबाट हुने योजना तथा कार्यक्रमहरुको गुणस्तरियता परीक्षणका लागि निर्माण कार्यहरुको सामाजिक परिक्षणलाई अनिवार्य गरिनेछ। सवै योजनाहरुको गुणस्तर सुनिश्चित गर्न अनुगमनलाई अनिवार्य गरिनेछ ।

१९६. न्यायिक समितिले विवादको निरुपण गर्दा मेलमिलापको प्रक्रियालाई बढी प्रोत्साहन गर्ने, निरुपण गर्ने, अधिकार भएका विषयमा समयमै उचित किसिमले निर्णय गर्ने, मेलमिलाप मात्र गर्ने अधिकार भएका विषयमा मेलमिलाप हुन नसकेमा समयमै अदालतमा पठाउने व्यवस्था गरिनेछ ।

१९७. आर्थिक अनुशासन र दिगो विकासका निम्ति, सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी ऐनको पालना गर्ने साथै निरीक्षण, अनुगमन र निगरानी प्रणालीलाई प्रभावकारी बनाउने व्यवस्था गरिनेछ ।

१९८. नगरपालिकाको श्रेष्ता, अभिलेख नक्शा, कागजात व्यवस्थित र वैज्ञानिक रुपमा सुरक्षित संरक्षित गरी राख्न विशेष व्यवस्था गरिनेछ ।

## सुचना प्रविधी मैत्री नगर

१९९. ***"डिजिटल माडी फ्रेमवर्क"*** तयार गरी नगरपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइने छ । नगरपालिकाको नागरीक वडापत्रलाई डिजिटल रुपमा तयार गरिनेछ ।

२००. सूचना माग्ने र पाउने आम नागरीकको नैसर्गिक अधिकार भएकाले नगरपालिकाले आफ्नो गतिविधिलाई स्थानीय पत्रिका, एफ्.एम्. रेडियो र टेलिभिजन मार्फत् प्रकाशन, प्रसारण तथा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

२०१. करदाता, आम नागरीक र लगानी कर्ताले अपेक्षा गरेको व्यवहारिक कर प्रणालीलाई स्थानीय तहको वित्तिय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गर्दै बित्तिय प्रशासन सुधारका लागि व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व

परिचालनका दायरा वढाउन राजश्व सम्बन्धि अध्ययन गरी राजश्व सुधार कार्ययोजना तयार गरिनेछ ।

२०२. करको दायरामा वृद्धि गर्न श्रावण र भदौ महिनालाई कर महिना घोषणा गरी अभियानको रुपमा संचालन गरिनेछ ।

२०३. घर वहाल कर संकलन गर्न घर वहाल कर उठाउने कार्यलाई व्यवसायिक कर उठाउने प्रणालीसँग आवद्ध गरिनेछ। नगर क्षेत्रका सवै संस्थागत करदाताहरुलाई करको दायरामा ल्याईनेछ । नागरिकहरुका लागि करदाता शिक्षा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०४. नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक वनबाट उठेको रकमको १० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्न अनिवार्य गराइनेछ। सवै सामुदायिक वनलाई कार्य योजना सहित नगरपालिकामा बिवरण पेश गर्न अनिवार्य गरिनेछ ।

२०५. करको दायरामा नआएका उद्योग व्यवसायहरुले २०८१ पौष मसान्त भित्र दर्ता हुन आएमा आ.ब. २०८०।०८१ भन्दा अघिको वक्यौता रकम र जरिवाना मिनाहा हुने व्यवस्था कायम गरिनेछ ।

**नगर सभाका सदस्य महानुभावहरु,**

अन्त्यमा, माडी नगरपालिकाको समृद्धी र विकासका लागि संघ, प्रदेश सरकार, सम्पूर्ण राजनीतिक दलहरु, संघ संस्थाहरु, विदेशी दाताहरु लगायतका सरोकारवाला पक्षहरुबाट सहयोग, सहकार्य र समन्वयको अपेक्षा गरेको छु ।
माडी नगरको विकासमा हातेमालो गर्ने क्रियाशिल सबै राजनीतिक पार्टीहरु, विभिन्न सरकारी कार्यालयहरु, उद्योग वाणिज्य संघ, नागरिक समाज, बौद्धिक जगत लगायतका सबै सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आगामी आर्थिक बर्षका लागि तय भएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सवालमा यहाँहरु सबैको समन्वय, सहयोग, सहकार्य र समझदारी हाम्रो लागि सदा अपेक्षित छ। माडी नगरलाई सुन्दर, समृद्ध र उन्नत नगरको रुपमा विकास गर्न सम्बद्ध सबैले निरन्तर सहयोग गर्नुहुनेछ भन्ने नगरपालिकाले विश्वास लिएको छ । माडी नगरपालिकाको आ.व. ०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, संघसंस्थाहरुलाई हार्दिक आभार व्यक्त गर्दै नीति तथा कार्यक्रम तर्जुमाको क्रममा खटिने सम्पुर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद् ।